वस्तु तथा सेवाको उत्पादक, ढुवानीकर्ता, सञ्चयकर्ता, पैठारीकर्ता, विक्रेता र सेवाप्रदायकले उपभोक्ता संरक्षण ऐन र नियमावली बमोजिम कर्तव्य र जिम्मेवारी वहन गरी उपभोक्ताको हित संरक्षण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

epratekdaily.com




❖ वर्ष ३५ ❖ २०७८ माघ २१ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 February 04 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १६०

## वार्षिक साढे १२ अर्ब रुपैयाँको माछा बिक्री

प्रस, निजगढ, २० माघ/

स्वदेशी माछाको स्वादमा माछा पारखी रमाउन थालेपछि विदेशी माछाको आयातमा कमी आएको छ । जसका कारण केही वर्षयतादेखि स्वदेशी माछा उत्पादनले विदेशबाट आयात हुने माछालाई प्रतिस्थापन गर्दै आएको छ । विगतमा भारत, बङ्गलादेश, थाइल्यान्ड, चीन, जापानलगायतका देशबाट हुने माछाको आयातलाई निरुत्साहित गर्दै नेपाली माछाले बजारमा एकाधिकार जमाइरहेको छ ।



विदेशी माछाको आयात करीब ८५ प्रतिशत घटेको जिउँदो माछा व्यवसायी सङ्घ, नेपालका केन्द्रीय अध्यक्ष जङ्गबहादुर साहको दाबी छ ।

स्वदेशी माछाको बजार वार्षिक करीब साढे १२ अर्ब रुपैयाँको भएको र यसमा बारामा उत्पादन हुने माछाको भूमिका अग्रस्थानमा रहेको छ। बारामा छ हजार ८०० को हाराहारीमा साना/ठूला माछा पोखरी छन् । बारा जिल्लामा तीन हजार ५०० हेक्टर क्षेत्रफलमा पोखरी रहेको र वार्षिक ३१ हजार मेट्रिक टन माछा उत्पादन हुने गरेको केन्द्रीय अध्यक्ष साहले बताए ।

बाराबाट देशका अन्य भागमा करीब तीन अर्ब रुपैयाँभन्दा बढीको माछा बिक्री हुने गरेको अध्यक्ष साहको भनाइ छ । पछिल्लोपटक शहरमा मात्र होइन, ग्रामीण बस्तीहरूमा समेत होटल व्यवसाय फस्टाएको छ । जहाँ माछाका विभिन्न परिकार विशेषगरी हुने गरेको छ । बारामा व्यावसायिकरूपमा माछापालन गर्दै आइरहेका कृषकहरूको सङ्ख्या चार हजार ७०० रहेको अध्यक्ष साहले जानकारी दिए। बाराबाट २०६९ सालमा शुरू भएको जिउँदो माछाको बिक्रीले नै विदेशी माछालाई स्वदेशी माछाले पलायन गरेको बताउँदै यसलाई निरन्तरता दिन सङ्घ लागिपरेको र यस कार्यमा सरकारले समेत सहयोग गर्नुपर्ने अध्यक्ष साहको भनाइ छ ।

सङ्घीय राजधानी काठमाडौंमा प्रत्येक दिन ६५–७५ क्वीन्टल, पोखरामा १०–१५ क्वीन्टल जिउँदो माछा बिक्री हुँदै आएको छ। काठमाडौंका ५८५ स्थानमा र पोखराका १८ स्थानमा जिउँदो माछा बिक्री पसल सञ्चालनमा आइरहेको उनले जानकारी दिए ।

"जिउँदो माछाको बिक्री शुरू भएपछि नै स्वदेशी ग्राहकहरूले ताजा माछा रुचि अनुसार विभिन्न परिकार बनाइ खाने गरेका छन् । अधिकांश ग्राहकको रोजाइमा जिउँदो माछा पर्ने गरेकाले यसको आकर्षण दिन प्रतिदिन बढ्दो छ," उनले भने ।

देशभरमा ८० हजारदेखि ८५ हजार मेट्रिक टन माछा खपत भइरहेको छ । किसानले जिउँदो माछा पोखरीबाट प्रतिकिलो होलसेल मूल्यमा रहु, ग्रास, कमन ३५० देखि ३८० रुपैयाँ, बिग्रेड, नैनी २६०, सानो नैनी १८० देखि १९० रुपैयाँ, सिल्भर २३० देखि २५० रुपैयाँमा बिक्री गर्छन्। व्यापारीहरूले काठमाडौंमा रहु प्रतिकिलो ५०० रुपैयाँमा बिक्री गर्छन्। गत चैत, वैशाखमा पोखरीमा माछाको भुरा राख्नुपर्ने समय भएपनि लकडाउनका कारण राख्न नसकिएको अधिकांश माछा कृषकको गुनासो छ । फेरि लकडाउन हुने हो भने माछा व्यवसायमा धेरै असर पर्ने भन्दै उनीहरू चिन्तित छन् ।

माछालाई चाहिने आहारा दाना, भिटामिनलगायतका वस्तु नपाउँदा समस्या थपिएर भाडामा पोखरी लिएर माछापालन गर्दै आएका कृषकहरूलाई झनै ठूलो आर्थिक समस्या परेको कोल्हवी नपा बोधवनका रामप्रसाद चिमरियाले बताए। माछापालनलाई व्यावसायिकरूपमा अघि बढाउने कृषकहरूले सबै खर्च कटाएर प्रतिबिघा प्रतिवर्ष पाँच लाखदेखि सात लाख रुपैयाँसम्म आम्दानी गरिरहेका छन्। प्रतिबिघा अढाई/तीन लाख लागत लाग्ने गरे पनि व्यावसायिकरूपमा लाग्ने हो भने राम्रो आम्दानी गर्न सकिने माछा कृषकहरू बताउँछन् ।

माछापालक कृषकलाई स्थानीय तहले अझै सुविधा उपलब्ध गराए यसतर्फ स्थानीयहरूको आकर्षण बढ्ने पुराना माछा कृषक चिमरिया बताउँछन् ।

जिउँदो माछा नपुगेको दुर्गम क्षेत्रमा फ्रोजन माछालाई तराईबाट लैजाने व्यवस्था मिलाउन सरकारसँग माग गर्दै आइरहेको अध्यक्ष साहले बताए । लकडाउनअघि नेपाली माछा भारतमा निर्यात गर्दै आइरहेकोमा लकडाउनपछि रोकिएकोमा अहिले पुनः शुरू भएको अध्यक्ष साहले भने ।

मुलुकका विभिन्न शहरमा सुविधासम्पन्न माछा बिक्री बजार स्थापना र स्थानीय बजारहरूमा पूर्ण सरसफाइका साथ सुपथ मूल्यमा माछा बिक्री केन्द्र सञ्चालन गर्न सकेमा स्वदेशमा माछा बजार अझै विस्तार हुने माछा कृषकहरूको भनाइ छ।

## नयाँ सारथि लघुवित्तका थप पाँचजना पक्राउ

प्रस, पंचगावाँ, २० माघ/

नयाँ सारथि लुघवित्त संस्था लि., पर्सागढीमा भएको करोडौं रुपैयाँको घोटालामा थप पाँचजनालाई पक्राउ गरिएको छ ।

ढिलो गरी प्राप्त समाचार अनुसार माघ ६ गते संस्थाका अनुगमन प्रमुख गोकुल पौडेल, शाखा प्रमुख वेदप्रकाश रौनियार, तत्कालीन लेखापाल प्रदीप पौडेल, कनिष्ठ सहायक गेनालाल पटेल र शेषनाथ कुशवाहालाई पक्राउ गरी कारबाई प्रक्रिया अगाडि बढेको बुझिन आएको छ ।

यसअघि शाखा प्रमुख भोजेन्द्र ठाकुर लोहारलाई पक्राउ गरिएको थियो । ठाकुरलाई मङ्सिर २५ गते रौतहटको चन्द्रपुर नगरपालिकास्थित घरबाट पक्राउ गरिएको थियो। उनलाई उच्च अदालतमा हाजिर गराइ म्याद थप गरेर अनुसन्धान भइरहेको प्रहरी उपरीक्षक रमेश बस्नेतले बताए ।

बैंक ठगी कसूरमा निजविरुद्ध कारबाई भइरहेको उनले बताए। शाखामा रहेका चार सय सदस्यमध्ये ३०८ जनाको नाममा किर्ते गरी करीब रु पाँच करोड ५० लाख ऋण निकासा गरेको र सोको अपचलन भएपछि संस्थाको प्रधान कार्यालयबाट यसबारे अनुसन्धान शुरू गरिएको थियो ।

संस्थाका सिइओ सरोज घिमिरेले लोहारलगायत संलग्न व्यक्तिहरूविरुद्ध अनुसन्धान भइरहेको बताएका छन्। यो घटनामा शाखा प्रमुख लोहारले लोभ र दबाब दिएर कर्मचारीहरूबाट साढे ५ करोड रुपैयाँको ऋण निकासा गर्न लगाएको उनका कनिष्ठ कर्मचारीहरूले बताएका छन् । घटनामा मुछिएका कर्मचारीहरूले तत्कालीन कार्यालय प्रमुख लोहारको दबाबमा आफूहरूले हस्ताक्षर गरेको बताएका छन्। शाखा प्रमुख लोहार भदौ ४ गते पर्साबाट बारा सरुवा भएका थिए।

## जनमत पार्टीका कार्यकर्ता प्रहरीद्वारा नियन्त्रण

प्रस, निजगढ, २० माघ/



पथलैयामा राजमार्ग अवरुद्ध गर्ने प्रयास गर्दै जनमत पार्टीका कार्यकर्तालाई नियन्त्रणमा लिंदै प्रहरी । तस्वीरः प्रतीक

डा सिके राउतले नेतृत्व गरेको जनमत पार्टीका कार्यकर्ताहरूलाई बिहीवार दिउँसो प्रहरीले पथलैयामा नियन्त्रणमा लिएको छ ।

पार्टीको आह्वानमा किसान आन्दोलन अन्तर्गत राजमार्गको पथलैयामा सडकमा प्रदर्शन गर्दै बन्द गर्न थालेपछि बिहानैदेखि खटिएका नेपाल प्रहरी, सशस्त्र प्रहरीको टोलीले उनीहरूलाई नियन्त्रणमा लिई पथलैया प्रहरी चौकी परिसरमा राखेका थिए ।

आन्दोलनकारीहरूले प्रहरी दमन बन्द गर, गृहमन्त्री राजीनामा दे लगायतका नारा लगाएका थिए ।

जनमत पार्टी, बाराका अध्यक्ष विनोद यादव नेतृत्वका करीब ५०/६० जना आन्दोलनकारीले किसानहरूलाई समयमा नै मलखाद उपलब्ध गराउनुपर्ने, सिंचाइ सुविधा हुनुपर्ने, निश्शुल्क विद्युत् उपलब्ध हुनुपर्ने, किसान कार्ड, किसान स्वास्थ्य बीमा, कृषि बीमा हुनुपर्ने, उखु किसानहरूको समयमैं भुक्तानी गर्नुपर्नेलगायतका माग पूरा गर्न सरकारले चासो नदिएको भन्दै कडा विरोध जनाउँदै आइरहेका छन्। प्रहरीले नियन्त्रणमा लिई पथलैया प्रहरी चौकीको गोलघरमा राखिएका आन्दोलनकारी र महिला प्रहरीबीच केही घम्साघम्सीसमेत भएको थियो ।

महिला आन्दोलनकारीले महिला प्रहरीलाई गालीगलौज गरेको भन्दै केहीबेर विवाद भएको थियो। आफूहरूले शान्तिपूर्वक सडकमा प्रदर्शन गर्दा प्रहरीले हस्तक्षेप गरी कानूनी राज्यको खिल्ली उडाएको, प्रहरीले कार्यकर्ताहरूमाथि लाठी चार्ज गरेको सो पार्टीको महिला सङ्घकी केन्द्रीय उपाध्यक्ष अनीता रौनियारले बताइन् ।

यता राजमार्ग वा सडकमा कुनै पनि नाउँमा प्रदर्शन गरे, बन्द गरे उक्त कार्यहरू रोक्न, हटाउन गृह मन्त्रालयको निर्देशन मुताबिक प्रहरी परिचालन गरिएको जिल्ला प्रहरी कार्यालय, बाराले जनाएको छ ।

### पूर्व-पश्चिम राजमार्ग सुनसान

प्रस, परवानीपुर/

सिके राउत नेतृत्वको जनमत पार्टीको आन्दोलनको कारण पूर्व-पश्चिम राजमार्ग सुनसान भएको छ ।

बिहीवारदेखि शुरू भएको राजमार्ग अवरुद्ध गर्ने आन्दोलनले गर्दा मधेस प्रदेशको पर्साबाहेक बारा, रौतहट, सर्लाही, महोत्तरी, सिराहा, सप्तरीमा जनमत पार्टीका नेता, कार्यकर्ताहरूले बिहानदेखि टायर बालेर प्रदर्शन गरेका थिए । जसको कारण राजमार्ग प्रभावित बनेको मधेस प्रदेश ट्राफिक प्रहरी कार्यालय, पथलैयाले जनाएको छ । ट्राफिक प्रहरी उपरीक्षक नान्तीराज गुरुङका अनुसार मधेस प्रदेशको सिराहा र सप्तरीमा आन्दोलनको बढी प्रभाव देखिएको र सप्तरीमा तीनवटा गाडीमा तोडफोड गरिएको जानकारी गराउँदै अन्य जिल्लामा पनि यातायात प्रभावित भएको छ ।

हेटौंडा, चितवन, काठमाडौंबाट मधेस प्रदेशमा आउने गाडीहरू पनि कम चलेको मधेस प्रदेश ट्राफिक प्रहरी कार्यालयले जनाएको छ । जनमत पार्टीका नेता, कार्यकर्ताहरूले किसानहरूलाई मल र सिंचाइको उचित व्यवस्थापन गराउनुपर्ने लगायतका माग राखेर चरणबद्ध आन्दोलन गरिरहेको जनमत पार्टीका प्रचार विभाग प्रमुख बिपी साहले जानकारी गराए ।

## निजामती सङ्गठनद्वारा जिल्ला प्रशासनमा धर्ना

प्रस, वीरगंज, २० माघ/

नेपाल निजामती कर्मचारी सङ्गठन, पर्साले जिल्ला प्रशासन कार्यालय, पर्सामा एक घण्टा धर्ना दिएको छ ।

सङ्गठनका अध्यक्ष अमित गिरीसहित प्राण मेहता, सन्देश यादव, राज कुशवाहालगायतले जिल्ला प्रशासन कार्यालयअगाडि बिहान साढे १० देखि साढे ११ बजेसम्म धर्ना दिएका थिए ।

सङ्गठनका अध्यक्ष गिरीले बिहीवार एक घण्टा, शुक्रवार दुई घण्टा धर्ना दिने र सो अवधिमा पनि धोबिनी गाउँपालिकाका योजना शाखा प्रमुख पप्पु पटेललाई कुटपिट गर्ने वडासदस्य शान्तिदेवीका पति धर्मराउत कुर्मीसहितका मानिसहरूलाई पक्राउ गरी कानूनी कारबाई नगरिएमा आइतवार माघ २३ गतेदेखि पर्सा जिल्लाका सम्पूर्ण कार्यालयको कामकाज ठप्प गरी आन्दोलन गर्ने बताए ।

उनले यसअघि जिल्ला प्रशासन कार्यालय, पर्साका प्रजिअ उमेशकुमार ढकाललाई सङ्गठनको तर्फबाट चौबीस घण्टे ज्ञापनपत्र बुझाएको तर सो अवधिमा दोषीमाथि कारबाई नभएकोले



तस्वीरः प्रतीक

बिहीवारदेखि धर्ना दिएर सचेत गराउन खोजिएको बताए । उनले अविलम्ब योजना शाखा प्रमुख पटेलमाथि हातपात गर्ने कुर्मीलगायतलाई पक्राउ गरी कारबाई गर्न आग्रह गरेका छन् ।

यही माघ १३ गते गापाले मोटर खरीद गरी वडा कार्यालयमा वितरणको लागि पठाउँदा वडासदस्यका पति कुर्मीले आफूले भनेको ठेकेदारलाई कोटेशनबाट काम नदिएको भन्दै योजना शाखा प्रमुख पटेललाई कुटपिट गरी दुई घण्टा थुनेर दुर्व्यवहार गरेका थिए ।

## बैंकको रकम हिनामिना गर्ने सिंह पक्राउ

प्रस, रक्सौल, २० माघ/

भारत–नेपाल सीमा अन्तर्गत रक्सौल कस्टम हाउसस्थित इमिग्रेशन कार्यालयले बिहीवार पञ्जाब–महाराष्ट्र कोअपरेटिभ बैंक सोसाइटीका निर्देशकलाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा बैंकका पूर्वनिर्देशक दलजीत सिंह रहेका छन्। उनीमाथि सन् २०१९ मा बैंकको भारतीय रुपैयाँ चार हजार ३५५ करोड हिनामिना गरेको आरोप लागेको छ । महाराष्ट्रमा रहँदै आएका सिंह र उनको परिवार विगत दुई वर्षदेखि फरार छन् । नेपाल हुँदै क्यानडा जाने योजनामा रहेका सिंहलाई सोधपूछको क्रममा रक्सौल कस्टम हाउसस्थित इमिग्रेशन कार्यालयले पक्राउ गरेको हो। उनलाई महाराष्ट्र लैजानका



लागि इओडब्लु विभागका पदाधिकारी शुक्रवार अबेर राति रक्सौल पुग्ने जनाइएको छ ।

# अर्थ - उद्योग - वाणिज्य

## मल कारखाना स्थापना किन आवश्यक छ ?

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**नेपालमा अहिले पनि जनसङ्ख्याको ठूलो भाग कृषि कार्यमा संलग्न छ भने अर्कोतिर हाम्रो देशमा एउटा पनि कृषि मल उत्पादन गर्ने कारखाना छैन । प्रत्येक वर्ष हामी ठूलो परिमाणमा मल भारतबाट आयात गर्छौं । यो लज्जाको विषय हो र त्यो लज्जाबोध सरकारलाई होइन व्यवसायीहरूलाई हुनुपर्ने हो ।**

केही दिनपहिले प्रधानमन्त्री शेरबहादुर देउवाले प्रधानमन्त्री निवास बालुवाटारमा व्यापारीहरूसँग नेपालमा मल कारखाना स्थापना गर्न आग्रह गरेका थिए । साथै मल कारखाना स्थापनाका लागि व्यापारीहरूलाई आवश्यक सहयोग प्रदान गर्न सरकार तयार रहेको पनि बताएका थिए ।

मल उत्पादन देशभित्र गर्नका लागि सरकारले पहल गर्नु राम्रो कुरा हो । र यस्तो हुनु पनि पर्छ । केवल सत्ता र स्वार्थको कुरा गर्ने, एकले अर्कोलाई गाली गर्ने नेताहरूबाट विकास र निर्माणको कुरा हुन छाडेको स्थितिमा प्रमबाट यस्तो आग्रह आउनु सुखद कुरा हो ।

केवल मल खरीद गर्न भनेर नेपालबाट प्रत्येक वर्ष ठूलो रकम भारततर्फ जाने गरेको छ । विदेशबाट हामीले कमाएर ल्याएको रकमको एउटा ठूलो भाग यसरी भारत जाने स्थिति बन्द गर्न हामीले स्वदेशमा नै मल उत्पादन गर्न आवश्यक छ । नेपालभित्रै मलको यति ठूलो बजार हुँदाहुँदै पनि हामीले स्वदेशमा मल उत्पादन गर्न नसक्नु हाम्रो ठूलो कमजोरी हो ।

आउनुहोस् यस आलेखमा नेपालमा मल कारखाना स्थापना र सञ्चालनका सम्भावनाबारे विस्तृत चर्चा गरौं । यस विषयका विभिन्न आयामहरूमा दृष्टि पुऱ्याउँ ।

नेपालमा कृषि कार्य सन्तोषजनक नभए तापनि नेपाल कृषिप्रधान मुलुक हो भन्नुपर्ने स्थिति छ । अहिले पनि नेपालको जनसङ्ख्याको ठूलो भाग कृषिमा आश्रित छ । निम्न आय भएका व्यक्तिहरूको लागि पनि आयको स्रोत कृषि नै छ । पर्यटन, उद्योग र सेवा व्यवसायको विकास सन्तोषजनक किसिमले हुन नसकेकोले रोजगारका लागि पनि धेरै व्यक्ति कृषि क्षेत्रमा आश्रित हुनुपर्ने बाध्यता छ । र यो बाध्यता अझै लामो समयसम्म रहने छ ।

नेपालमा अहिले पनि जनसङ्ख्याको ठूलो भाग कृषि कार्यमा संलग्न छ भने अर्कोतिर हाम्रो देशमा एउटा पनि कृषि मल उत्पादन गर्ने कारखाना छैन । प्रत्येक वर्ष हामी ठूलो परिमाणमा मल भारतबाट आयात गर्छौं । यो लज्जाको विषय हो र त्यो लज्जाबोध सरकारलाई होइन व्यवसायीहरूलाई हुनुपर्ने हो । सरकार भनेको संयन्त्र हो । कहिले कुन दलको, कहिले कुन दलको हुन्छ । सरकार फेरिने क्रम पनि चलि नै रहन्छ । त्यसकारण सरकार राष्ट्रको आर्थिक विकासको लागि चिन्तित एवं जिम्मेवार नहुन सक्छ । राष्ट्रको आर्थिक विकासको जिम्मेवारी जनताले नै लिनुपर्छ । विकासको लागि चिन्तित पनि जनता नै हुनुपर्छ । मल कारखाना स्थापनाको जिम्मेवारी पनि जनताले लिनुपर्छ । अर्थात् मल कारखाना स्थापना एवं सञ्चालनको जिम्मेवारी नेपालको व्यापारी समुदायले लिनुपर्छ । व्यापारीहरूले केवल बढी मुनाफा आउने उद्योगमा मात्र लगानी नगरेर राष्ट्रको आर्थिक विकासमा टेवा पुऱ्याउने पूर्वाधारहरूको स्थापनामा पनि लगानी गर्नुपर्छ । राष्ट्रको आर्थिक विकास गर्ने जिम्मेवारी व्यापारी समुदायले पनि अनिवार्यरूपमा लिनुपर्छ । यो जिम्मेवारीबाट पन्छिन मिल्दैन ।

नेपालमा प्रत्येक वर्ष ठूलो परिमाणमा मलको माग एवं प्रयोग हुने भएकोले मलको बजार छैन । नेपालभित्र मल कारखाना स्थापना गरेर ठूलो परिमाणमा मल बिक्री गर्न सकिन्छ । र मल व्यवसायबाट व्यापारीहरूले राम्रो आय प्राप्त गर्न सक्छन् । मल उद्योगलाई राम्रो आय र रोजगार दिने उद्योगको रूपमा विकास गर्न सकिन्छ ।

नेपालमा निम्न किसिमबाट मल कारखाना स्थापना गर्न सकिन्छ :

**सरकार (राज्य) को लगानीमा:**

नेपालमा सरकारी लगानीमा पनि मल कारखाना स्थापना गर्न सकिन्छ । जसरी नेपालमा अहिले पानी, बिजुली आदि राज्यले उत्पादन गर्छ, त्यसैगरी मल पनि राज्यले उत्पादन गर्न सक्छ । तर मल उत्पादन कार्य सरल एवं प्रभावकारी पार्नका लागि सरकारले व्यापारीहरूको सहयोग लिन सक्छ । अर्थात् सरकारले राज्यको खर्चमा मल कारखाना स्थापना गरेर त्यसको सञ्चालनको जिम्मेवारी व्यपारीहरूलाई दिन सक्छ । व्यपारीहरूले त्यस्तो किसिमको मल कारखाना सञ्चालन गरे बापत सरकारलाई प्रत्येक महीना तोकिएको शुल्क (Royalty) भुक्तान गर्नुपर्छ । यस किसिमबाट मल कारखाना स्थापना र सञ्चालन गर्दा व्यापारीहरूले ठूलो लगानी गर्नुपर्दैन । उनीहरूले सानो पूँजीबाट पनि मल कारखाना सञ्चालन गर्न सक्छन् । यस्तो भएमा, कुनै किसिमले ठूलो घाटा भए पनि, व्यापारीहरूले केवल सञ्चालन घाटा मात्र बेहोर्नु पर्नेछ, लगानी घाटा बेहोर्नु पर्नेछैन, किनभने लगानीमा खर्च नै भएको हुँदैन । मल कारखाना स्थापनामा ठूलो रकम लगानी गर्नुपर्ने हुनाले सरकारी स्तरबाट कारखाना स्थापना हुँदा व्यापारीहरूले ठूलो लगानी गर्नुपर्ने बाध्यता रहने छैन ।

**निजी लगानीमा:**

सरकारले निजी क्षेत्रका व्यापारीहरूलाई पनि मल कारखाना स्थापना र सञ्चालन गर्न प्रोत्साहित गर्न सक्छ । प्रोत्साहनस्वरूप मल उत्पादन गर्ने व्पापारीले मलको बिक्रीबाट प्राप्त गरेको आयमा आय कर वा बिक्री कर भुक्तान गर्नु नपर्ने व्यवस्था सरकारले गर्न सक्छ । मललाई अत्यावश्यक वस्तु मानेर वा औषधीको बिक्रीमा कर छुट दिएजस्तै मल बिक्रीबाट प्राप्त आयमा कुनै पनि किसिमको कर भुक्तान गर्नु नपर्ने कानूनी व्यवस्था गरेर सरकारले निजी क्षेत्रका व्यापारीहरूलाई मल उत्पादन गर्न प्रोत्साहित गर्न सक्छ ।

**संयुक्त लगानीमा:**

सरकारले संयुक्त लगानीमा पनि मल कारखाना स्थापना एवं सञ्चालन गर्न सक्छ । यस किसिमले स्थापना र सञ्चालन गर्दा सरकारले निजी क्षेत्रलाई वा व्यक्तिहरूलाई कारखाना (संस्था) को शेयर बिक्री गर्न सक्छ । शेयर बिक्री गर्दा कुल शेयर सङ्ख्याको ६० प्रतिशत वा सोभन्दा बढी निजी क्षेत्रलाई बिक्री गर्न सक्छ । कारखानाको स्वामित्व सरकारमा रहनेगरी स्थापना भएको यस्तो संस्थाको सञ्चालन भने निजी क्षेत्रले गर्न पाउनुपर्छ । कुनै गम्भीर समस्या उत्पन्न भएमा मात्र सरकारले हस्तक्षेप गर्ने व्यवस्था हुनुपर्छ । कारखानाले राम्रो नाफा गरेमा निजी क्षेत्रलाई पनि राम्रो नाफा प्राप्त हुने भएकोले निजी क्षेत्र यस्तो व्यवसायमा संलग्न हुने पक्कै पनि प्रोत्साहित हुनेछ । यसरी सरकार एवं निजी क्षेत्रको संयुक्त लगानीमा पनि स्वदेशमा नै मल उत्पादन गर्न सकिन्छ ।

**सार्वजनिक लगानीमा:**

साना, माझौला, ठूला सबै किसिमका कृषकहरूको संयुक्त लगानीमा पनि मल कारखाना स्थापना गर्न सकिन्छ । अथवा सहकारी किसिमले पनि स्थापना गर्न सकिन्छ ।

यस किसिमले स्थापना गर्दा एउटा तोकिएको रकम लगानी गर्न इच्छुक कृषकले कारखाना स्थापना एवं सञ्चालनका लागि भुक्तान गर्नुपर्नेछ अर्थात् एउटा तोकिएको रकम बराबरको शेयर (हरू) खरीद गर्नुपर्नेछ । कम्तिमा, एउटा कृषकले रु एक हजारको शेयर खरीद गर्नुपर्ने पनि हुन सक्छ । थोरै रकमको, तर धेरै व्यक्तिबाट यस किसिमको शेयर खरीद गरिने हुनाले पूँजी जुटाउन गाऱ्हो हुनेछैन ।

यसरी सार्वजनिक लगानीमा मल कारखाना स्थापना हुँदा गरीब कृषकहरूले पनि लगानी गर्ने हुँदा लगानी रकमको पचास प्रतिशतको जमानी सरकार बसिदिने हुनुपर्छ । अर्थात् कुनै कारणले यस किसिमले स्थापना भएको कारखाना बन्द भएर सम्पूर्ण लगानी डुबेमा सरकारले प्रत्येक लगानीकर्ताको लगानीको पचास प्रतिशत फिर्ता (भुक्तान) गर्नुपर्नेछ । यस्तो भएमा लगानीकर्ताहरूको सम्पूर्ण लगानी रकम डुब्ने स्थिति नभएर उनीहरू मल उत्पादन कारखानाको स्थपाना एवं सञ्चालनमा लगानी गर्न प्रोत्साहित हुनेछन् ।

स्वदेशमा नै मल कारखाना स्थापना एवं सञ्चालन गर्न राज्य र जनता दुवैले सक्रियता देखाउन आवश्यक छ । ढिलो गर्नुहुँदैन ।

## रूँगटा समूहले दाल मिल लगाउँदै

राधेश्याम पटेल, परवानीपुर, २० माघ/

वीरगंजको औद्योगिक घराना रूँगटा समूहले वीरगंजपछि पूर्वी नेपालको विराटनगर औद्योगिक कोरिडोरमा व्यवसाय विस्तार गरिरहेको छ । आठ वर्षदेखि विराटनगरमा कुखुराको दाना उत्पादन गर्ने ओम चाओ बिरो प्यालेट फिड प्रालि सञ्चालन गरी ख्याति कमाएको वीरगंजको रूँगटा घरानाले दानाको व्यापार चम्केपछि दाल उत्पादनको व्यवसायमा पनि हात हालेको छ ।



विराटनगरमा निर्माण भइरहेको उद्योग । तस्वीरः प्रतीक

वीरगंजमा करीब ५० वर्षदेखि खाद्यान्न व्यवसायमा वर्चस्व जमाएको रूँगटा समूहले पछिल्लो समयमा कुखुराको चल्ला र दाना उत्पादनमा आक्रामक बजार विस्तार गरेको पाइन्छ । तर नेपालमा आधुनिक प्रविधिसहितको दाल मिलको आवश्यकता महसूस गर्दै करीब रु ६५ करोडको लगानीमा ओसिबी प्रोसेसिङ इन्डस्ट्रिज प्रालि विराटनगरमा स्थापना गर्न लागेको हो ।

बूढीगङ्गा नपा–६ गोकुवा चोकमा निर्माण भइरहेको उद्योग एक बिघा क्षेत्रफलमा फैलिएको छ । उद्योगको निर्माण कार्य करीब २५ प्रतिशत सम्पन्न भइसकेको रूँगटा समूहका परियोजना प्रमुख राजेश रूँगटाले बताए । यसअघि सोही स्थानमा करीब रु ७० करोडको लगानीमा सो समूहले एक बिघा क्षेत्रफलमा कुखुराको दाना उत्पादन गर्ने उद्योग ओम चाओ बिरो प्यालेट दाना सञ्चालनमा ल्याएको छ । समूहको त्यहाँ रहेको करीब पाँच बिघा जग्गामध्ये एक बिघामा दाना उद्योग, एक बिघामा दाल मिल र बाँकी तीन बिघा अन्य उद्योगको लागि छुट्याइएको छ ।

सन् २०२१ मार्चदेखि उद्योग निर्माणको कार्य शुरू भए तापनि कोरोनाको दोस्रो महामारीले करीब सात महीना परियोजना निर्माणमा ढिलाइ भएको थियो । गत नोभेम्बरदेखि उद्योग निर्माणको काम धमाधम भइरहेको रूँगटा समूहले जनाएको छ । आगामी दशैंसम्म अर्थात् २०२२ सेप्टेम्बरसम्म निर्माण कार्य सम्पन्न भई सञ्चालनमा आउने उद्योगको दैनिक दुई सय टन विभिन्न प्रकारका दाल उत्पादन गर्ने क्षमता छ । उद्योगले मसुरो, मास, रहर, केराउ, चना दाल उत्पादन गर्ने अत्याधुनिक प्रविधिका मेशिन जडान गरिरहेको छ । यही समूहको वीरगंजको चैनपुरमा करीब रु १५ करोडको लगानीमा ३० वर्ष पहिले स्थापना भएको रूँगटा प्रोसेसिङ प्रालिले अहिले मसुरोको दाल मात्र उत्पादन गर्दै आएको छ । अहिले देशमा सबैभन्दा बढी दाल उत्पादन गर्ने क्षमता भएको उद्योग झापास्थित सूर्य पल्सेज प्रालि हो । उक्त उद्योग पूर्वका व्यवसायी रमेश मिन्डाको हो । तर त्यो उद्योगको उत्पादन क्षमता दैनिक दुई सय टनभन्दा कम छ । झापामा एक, विराटनगरमा दुई, वीरगंजमा १३ र भैरहवामा चार गरी हाल नेपालमा करीब २० भन्दा बढी दाल उद्योग सञ्चालनमा छन् ।

स्वदेशी तथा विदेशी अप्रशोधित दाल प्रशोधन गरी नेपालमा दाल उत्पादन गरिन्छ । दाल उद्योगमा मात्रै नेपालमा करीब रु ७ अर्बभन्दा बढीको लगानी रहेको दाल व्यवसायीहरू बताउँछन् । नेपालमा अहिले मसुरो, मास र रहर प्रतिकिलो क्रमशः रु १४०, रु १३० र रु १५० को दरले थोक मूल्यमा बिक्री वितरण भइरहेको छ ।

**पिएलसी प्रविधिमा आधारित उद्योग पूर्ण स्वचालित**

रूँगटा समूहले निर्माण गरिरहेको नयाँ दाल मिलमा भारतको पुणेबाट बुहलर ब्रान्डको अत्याधुनिक पिएलसी प्रविधि भित्र्याइएको छ । यो पूर्ण स्वचालित हुन्छ । यसमा एकजना व्यक्तिले कम्प्युटरको माध्यमले दाल प्रशोधनको काम हेर्न सक्नेछ । बाँकी लोडिङ, अनलोडिङ र प्याकेजिङमा प्रत्यक्ष र अप्रत्यक्ष गरी करीब ५० जनाले रोजगार पाउनेछन् ।

## उद्योग दर्ता बढ्यो

काठमाडौं, २० माघ/रासस

पछिल्लो समय मुलुकमा औद्योगिक वातावरण बनेसँगै उद्योग स्थापना हुने क्रम बढेको छ । गत आव २०७७/७८ को पुस मसान्तसम्मका तुलनामा चालू आवको सोही अवधिमा उद्योग दर्ता हुने क्रम बढेको उद्योग विभागको तथ्याङ्कले देखाउँछ ।

विभागका अनुसार गत आवको पुस मसान्तसम्म १०३ स्वदेशी तथा विदेशी उद्योग दर्ता भएका थिए ।

चालू आवको सोही अवधिमा उद्योग दर्ताको सङ्ख्या बढेर १५४ पुगेको छ । विभागका अनुसार हालसम्म आठ हजार ६०८ स्वदेशी तथा विदेशी उद्योग दर्ता भएका छन् ।

चालू आर्थिक वर्षको दोस्रो त्रैमाससम्म ४५ ठूला, ५७ मझौला र ५२ साना उद्योग दर्ता भएका छन् ।

गत आवको सोही अवधिमा १७ ठूला, २१ मझौला र ६५ साना उद्योग दर्ता भएका थिए । हालसम्म एक हजार २५९ ठूला, एक हजार ९६६ मझौला र पाँच हजार ३८३ साना उद्योग दर्ता भएका विभागले जनाएको छ ।

लघु उद्यम र घरेलु उद्योगबाहेक रु १५ करोडसम्म स्थिर पूँजी भएको उद्योगलाई साना, रु १५ देखि ५० करोडसम्म पूँजी भएका उद्योगलाई मझौला र रु ५० करोडभन्दा बढी पूँजी भएका उद्योगलाई ठूला उद्योगका रूपमा लिइन्छ । बढीमा रु २० लाखसम्म पूँजी भएको उद्योगलाई लघु उद्यम र परम्परागत सीप र प्रविधिमा आधारित उद्योगलाई घरेलु उद्योग भनिन्छ ।

उद्योग दर्तासँगै प्रस्तावित लगानीमा पनि वृद्धि भएको छ ।

गत आवको पुस मसान्तसम्म दर्ता भएका उद्योगमा रु ७२ अर्ब ६२ करोडको लगानी प्रस्ताव भएकामा चालू आवमा सो लगानी बढेर रु एक खर्ब ८६ अर्ब पुगेको छ । हालसम्म रु २४ खर्ब ७० अर्बको लगानीसहित उद्योग दर्ता भएका विभागको तथ्याङ्क छ ।

उद्योगले दिने रोजगार पनि झन्डै दोब्बरले बढेको छ । गत आवको समीक्षा अवधिमा उद्योग स्थापनाबाट छ हजार २८८ जनाले रोजगार पाएकामा चालू आवको सोही अवधिमा १३ हजार ७४८ जनाको रोजगार प्रस्तावित भएको विभागले जनाएको छ । हालसम्म दर्ता भएका उद्योगमा छ लाख ४२ हजार ५४३ जनाको रोजगार प्रस्ताव गरिएको छ ।

विभागबाट विदेशी लगानीको स्वीकृति लिनेको सङ्ख्या पनि बढेको छ । गत आवको पुस मसान्तसम्म १२३ विदेशी लगानी स्वीकृति भएकामा समीक्षा अवधिमा सो सङ्ख्या बढेर १२९ पुगेको छ ।

विभागले हालसम्म पाँच हजार ३६६ विदेशी लगानी स्वीकृत गरेको छ । विदेशी लगानीका ठूला उद्योग ३१९, मझौला ५६६ र साना उद्योग चार हजार ४८१ दर्ता भएका छन् ।

समीक्षा अवधिमा विदेशी लगानी रु २३ अर्ब ४७ करोडबाट बढेर रु ३० अर्ब ५६ करोड पुगेको छ । हालसम्म रु तीन खर्ब ९५ अर्ब ४२ करोडको विदेशी लगानी प्रस्तावसहितका पाँच हजार ३६६ उद्योग दर्ता भएका विभागले जनाएको छ ।

मुलुकमा औद्योगिक वातावरण बन्दै जानु, नीतिगत तथा प्रशासनिक सुधार, लगानीकर्तालाई सेवा सुविधा र सहजीकरण, लगानीका अवरोधलाई सुधार गर्दै लगेसँगै उद्योग स्थापनाका क्रम बढेको विभागका महानिर्देशक रामचन्द्र तिवारीले जानकारी दिए ।



चुरे पर्वत शृङ्खला अन्तर्गत निजगढ नगरपालिका-४ बागदेवस्थित शहीद हीरालाल पार्कमा निजगढको भ्यूटावर जाने बाटोमा निर्माण गरिएको बाघको आकृति भएको प्रवेशद्वार । तस्वीरः जीतलाल श्रेष्ठ

# समृद्धिको बाधक : भ्रष्टाचार

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**भ्रष्टाचार अपराध हो, विकास र समृद्धिको ठूलो बाधक हो। यस्ता तत्त्व सुशासनका बाधक हुन्। यो मानवताको घातक शत्रु हो। यसको समयमैं नियन्त्रण भएन भने मुलुक असफल राष्ट्रको सूचीमा जान सक्छ। साथै यसले नेपालको समन्यायिक आर्थिक विकासमा गम्भीर अवरोध पुऱ्याउँछ।**

नेपालको आर्थिक विकास हुन नसक्नुको महत्त्वपूर्ण कारण भ्रष्टाचार हो। तर नेपालका विकाससम्बन्धी प्रगति प्रतिवेदनले कहिले पनि विकासको बाधकको रूपमा भ्रष्टाचारलाई स्वीकार गरेको पाइँदैन। यसलाई प्रभावकारी रूपमा नियन्त्रण गर्नुपर्छ भनेर गाउँदेखि शहर हुँदै केन्द्रसम्म सशक्त नीति तथा कार्यक्रम आउँदैन। जबसम्म भ्रष्टाचार गर्ने र गराउनेहरूको समूल नष्ट गर्न सकिंदैन तबसम्म मुलुकको आर्थिक विकासले गति लिन सक्दैन। जब कुनै देश गरीबी र भ्रष्टाचारको दुष्चक्रमा फस्छ, अनि त्यो देशको आर्थिक रूपान्तरण सहज अगाडि बढ्न सक्दैन। भ्रष्टाचार हुनु देशमा गरीबी भएर मात्र होइन, खराब प्रवृत्ति, मानसिकता र संस्कार नै प्रमुख कारक हो। ट्रान्सपरेन्सी इन्टरनेशनलले भर्खरै सार्वजनिक गरेको 'करप्सन पर्सेप्सन इन्डेक्स, २०२१' प्रतिवेदनमा विश्वका १८० मुलुकमा गरेको सर्वेक्षणमा नेपाल ११७ औं स्थानमा परेको छ। नेपालले १०० पूर्णाङ्कमा ३३ अङ्क मात्र प्राप्त गरेको छ। यो अघिल्लो वर्ष जस्तै हो। प्रतिवेदनमा नेपालले ५० अङ्क पनि ल्याउन नसक्नु मुलुकको सार्वजनिक क्षेत्रमा अति भ्रष्टाचार छ भन्ने देखिनु हो।

प्रतिवेदनले विश्वकै औसत अङ्क ४३ देखाउँदा नेपालको त्योभन्दा १० अङ्क कम छ। दक्षिण एशियामैं पनि नेपाल बढी भ्रष्टाचार हुने मुलुकमध्ये परेको सो प्रतिवेदनले देखाएको छ। नेपालको दुई गुणाभन्दा दुई बढी अर्थात् ६८ अङ्क प्राप्त गरी भूटान २५ औं स्थानमा रहेको छ भने माल्दिभ्स र भारत समान ४० अङ्कसहित ८५ औं स्थानमा छन्। श्रीलङ्का ३७ अङ्कसहित १०२ स्थानमा छ। पाकिस्तान, बङ्गलादेश र अफगानिस्तान मात्र क्रमशः २८, २६ र १६ अङ्कका साथ नेपालभन्दा पछि छन्। दक्षिण एशियाकै औसत अङ्क नेपालभन्दा ३ बढी अर्थात् ३६ छ। सन् २०१९ मा ३४ अङ्क पाएको नेपाल त्यसयता अझ खस्किएको हो। त्यस्तै कार्यपालिका र न्यायपालिकासँग सम्बन्धित राजनीतिक भ्रष्टाचार विषयमा भेराइटिज अफ डेमोक्रेसी प्रोजेक्टले गरेको सर्वेक्षणमा नेपालले ३० अङ्क मात्र प्राप्त गरेको छ। यसको अर्थ भ्रष्टाचार निवारणमा ठोस भूमिका खेल्नुपर्ने निकायहरू नै बढी भ्रष्ट छन् भन्ने हो। त्यस्तै अख्तियार दुरूपयोग अनुसन्धान आयोगको वार्षिक प्रतिवेदनलाई पनि विश्लेषण गरेर हेर्ने हो भने भ्रष्टाचारसम्बन्धी उजूरी, मुद्दा, दर्ता, कारबाहीको सङ्ख्या र बिगो तथा धरौटी रकमको अवस्था पहिलेका वर्षहरू भन्दा धेरै गुणाले बढेको देखिन्छ।

नेपालमा भ्रष्टाचार नियन्त्रणका लागि संवैधानिक निकायका रूपमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग गठन गरिएको छ। त्यस्तै सम्पत्ति शुद्धीकरण आयोग, राष्ट्रिय सतर्कता केन्द्रजस्ता निकाय पनि कार्यरत छन्। ती निकायले दण्डात्मक, निरोधात्मक र प्रवर्द्धनात्मक उपायहरू अवलम्बन गरी मुलुकलाई भ्रष्टाचारमुक्त बनाउन विभिन्न कार्यहरू गर्दै आएका पनि छन्। तर कार्यान्वयन पक्ष अत्यन्त कमजोर देखिएको छ। फलस्वरूप मुलुकमा एकपछि अर्को भ्रष्टाचारका ठूला घटनाहरू बाहिरिइरहेका छन्। तर त्यस घटनामा संलग्न हुनेहरूमाथि मुद्दा चलाइँदैन, चलाइए पनि अनुसन्धान कमजोर गरेर प्रमाण पुऱ्याइँदैन। छानबीनका नाममा अनेक आलटाल गरेर मुद्दा चलाउने अवधि नै घर्काइन्छ। कोभिड औषधि खरीद प्रकरण, नेपाल एयरलाइन्सको वाइडबडी जहाजकाण्ड, आयल निगमको जग्गा प्रकरण, ललिता निवास प्रकरण, एन्फामा भएको घोटाला, सेक्युरिटी प्रिन्टिङ प्रेसकाण्ड, हयात जग्गा प्रकरण, नेपाल ट्रस्टका जग्गा निजी कम्पनीलाई कौडीको भाउमा भाडामा लिजमा दिने विषयमा भएका अनियमितता र भ्रष्टाचारसम्बन्धी देखिएका केही उदाहरण मात्र हुन्। यस्तै यातायात र मालपोतजस्ता कार्यालयको कार्यशैली र त्यहाँ सक्रिय बिचौलियाको सञ्जालले सार्वजनिक सेवामाथि नागरिकको पहुँच अत्यन्त कमजोर बनाएको जगजाहिरै छ। जबसम्म मुलुकमा यस्ता भ्रष्टाचार र अनियमितताका घटना हुन छाड्दैन वा त्यसमा संलग्नहरू दण्डित हुँदैनन्, तबसम्म सुशासनको अवस्था कमजोर नै रहिरहन्छ।

वास्तवमा भ्रष्टाचार नेपालको समृद्धि र विकासको मूल बाधक तत्त्वको रूपमा देखिएको छ। यसलाई जरैदेखि उखेलेर नफालेसम्म नेपाल समृद्ध हुँदैन। यो हटाउने लिखित र मौखिक प्रयास नभएका पनि होइनन्, तर त्यसको व्यावहारिक कार्यान्वयन भने हुन सकेको छैन। 'भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता' यो कर्णप्रिय वाक्यलाई मुलुकका सबै राजनीतिक दल र त्यसका नेतृत्वले जप्दै आएका छन्। तर पनि यसको नियन्त्रणमा ठूलो उपलब्धि हासिल हुन सकेको छैन। मुलुकका प्रमुख राजनीतिक दलमध्ये नेकपा एमाले र नेकपा माओवादी केन्द्रले 'सुशासन, न्याय र मानव अधिकारको रक्षाका लागि भ्रष्टाचारलाई कडाइका साथ नियन्त्रण गरिन्छ र सुशासनका लागि सार्वजनिक प्रशासनलाई भ्रष्टाचारमुक्त बनाइन्छ' भन्ने नितिमा जोड दिएको छ। नेपाली काङ्ग्रेसले 'राष्ट्रिय सदाचारसंहिता निर्माण गरी सबै क्षेत्रमा शुद्ध आचरण विकास गर्ने व्यवस्था गरिन्छ' भन्ने नीति लिएको छ। तर पनि भ्रष्टाचार नियन्त्रणको परिणाम शून्य छ। नेपालका प्रायः सबै सरकारले सुशासन कायम गर्ने र भ्रष्टाचारमा शून्य सहनशीलताको नीति अवलम्बन गर्ने रटान लगाउँदै आएका छन्। योजनारहित धन र शक्ति आर्जनका लागि भ्रष्टाचार र अनियमिततामा चुर्लुम्म डुबेको राजनीतिक नेतृत्वले आम नागरिकको सामाजिक न्याय र समतामूलक समाजसहितको समृद्धिको चाहनालाई सुनिश्चित गर्न सशक्त प्रणाली विकसित गर्न सक्दैन। राजनीति व्यक्तिगत र दलगत स्वार्थभन्दा माथि उठेर राष्ट्रिय स्वार्थ हासिल गर्ने सशक्त माध्यम हुन सक्नुपर्दछ। मुलुकको राजनीतिक प्रणालीमा देखिएको विभिन्न खाले विकृति र विसङ्गतिले देशको दिगो आर्थिक तथा सामाजिक रूपान्तरणको जग बलियो बनाउन सकिंदैन।

व्यापार व्यवसायका लागि घूस र कमिशन खुवाउनुपरेको, सार्वजनिक पद र अधिकारको दुरूपयोग नरोकिएको, अनुगमन र कारबाहीमा राज्यका अङ्गहरू निष्क्रिय रहेकाले दण्डहीनता बढेको र भ्रष्टाचारले प्रश्रय पाएको, सूचनामा नागरिकको पहुँचमा कमी, राजनीतिमा भ्रष्टाचारजस्ता दीर्घकालीन समस्या विद्यमान रहेकाले भ्रष्टाचार सूचङ्काकमा नेपालको स्थान सुधिन नसकेको प्रतिवेदनमा उल्लेख छ। नेपालमा भ्रष्टाचार बढेकोले लोकतन्त्रसमेत कमजोर बनेको विश्लेषण गरिएको छ। जहाँ लोकतन्त्रको जग कमजोर हुन्छ, त्यहीं भ्रष्टाचार मौलाउने गरेको पाइन्छ। भ्रष्टाचारजन्य गतिविधिलाई बढावा दिन राजनीतिक नेतृत्वको ठूलो भूमिका हुन्छ। आर्थिक निर्णय प्रक्रियामा हस्तक्षेप गर्ने, अयोग्य व्यक्ति वा आफन्त वा कार्यकर्तालाई जागीर दिलाउने, आफ्ना समर्थक र आसेपासेलाई आर्थिक लाभ बाँड्ने, अक्षम कम्पनीलाई ठेक्कापट्टा दिएर दरो कमिशन खाने, अपराधी र भ्रष्टाचारीलाई संरक्षण दिएर आर्थिक लाभ लिने तथा अपराध र भ्रष्टाचार लुकाउने, चुनावमा पैसा बाँड्नेजस्ता क्रियाकलापले अन्ततः भ्रष्टाचारलाई नै बढावा दिएको हुन्छ। भ्रष्टाचारजन्य गतिविधिलाई निरूत्साहित गर्ने सार्थक प्रयास अझैसम्म हुन सकेको छैन। भ्रष्टाचार बढ्नुमा सामाजिक मनोविज्ञानको पनि ठूलो हात रहेको छ। पद वा शक्तिमा रहेर कसले कति राम्रो काम गऱ्यो भन्नुभन्दा पनि कति कमायो भनेर मूल्याङ्कन गर्ने सामाजिक मनोविज्ञान विकसित भएकोले पनि भ्रष्टाचारले प्रश्रय पाउँदै आएको हो। त्यसैले भ्रष्टाचार न्यूनीकरणका लागि राज्यको शून्य सहनशीलता नीति स्पष्ट हुनुपर्ने, राजनीतिक आचरण शुद्ध हुनुपर्ने, राजनीतिलाई अपराधीकरण हुनबाट बचाउने, राजनीतिमा योग्य र इमानदार व्यक्तिहरूको सहभागिता बढाउने, स्थिर राजनीतिक वातावरण र सक्षम नेतृत्व निर्माण गर्नेलगायत पक्षमा विशेष ध्यान दिन सक्नुपर्दछ। यसका साथै राजनीतिक नेतृत्व र कर्मचारीको नियत सही बनाउने व्यवस्था र कानून निर्माण तथा यसको प्रभावकारी प्रयोग गर्न सक्नुपर्दछ।

वास्तवमा भ्रष्टाचार भनेको अपराध हो। यो विकास र समृद्धिको ठूलो बाधक हो। यस्ता तत्त्व सुशासनका बाधक हुन्। यो मानवताको घातक शत्रु हो। यसको समयमैं नियन्त्रण भएन भने मुलुक असफल राष्ट्रको सूचीमा जान सक्छ। यसका साथै यसले नेपालको समन्यायिक आर्थिक विकासमा गम्भीर अवरोध सृजना गर्छ। त्यसैले यस्ता तत्त्वको सामाजिक बहिष्कार हुनुपर्ने इच्छाशक्तिको खाँचो छ। यसका लागि दृढ इच्छाशक्ति भएको सशक्त सरकार, सक्षम कर्मचारीतन्त्र, बलियो अख्तियार दुरूपयोग अनुसन्धान आयोग, सबल र स्वतन्त्र सञ्चारगृह र सचेत नागरिकको आवश्यकता छ।

# बढ्यो सुनको मूल्य, चाँदीको स्थिर

काठमाडौं, २० माघ/रासस

सुनचाँदी बजारमा बिहीवार छापावाल सुनको मूल्य प्रतितोला रु ५०० ले बढेर रु ९२ हजार ७०० पुगेको छ। पहेंलो धातु अघिल्लो दिन प्रतितोला रु ९२ हजार २०० मा कारोबार भएको थियो। नेपाल सुनचाँदी व्यवसायी महासङ्घले सार्वजनिक गरेको विवरण अनुसार आज तेजाबी सुनको मूल्य प्रतितोला रु ९२ हजार २०० कायम भएको छ। जसको मूल्य बुधवार प्रतितोला रु ९१ हजार ७०० तोकिएको थियो। त्यस्तै, आज चाँदीको मूल्य अघिल्लो कारोबार मूल्यका तुलनामा स्थिर रही प्रतितोला रु एक हजार २५५ कायम भएको महासङ्घले जनाएको छ।

महासङ्घले अन्तर्राष्ट्रिय बजारमा सुन तथा चाँदीका मूल्यमा हुने परिवर्तनका आधारमा यहाँ दैनिक कारोबार मूल्य तोक्दै आएको छ। अन्तर्राष्ट्रिय बजारमा आज सुन प्रतिऔंस एक हजार ८०६ डलर आसपास कारोबार भएको छ।

# विदेशबाट फर्केर उद्यमी बनेकालाई सरकारले सम्मान गर्ने

काठमाडौं, २० माघ/रासस

सरकारले वैदेशिक रोजगारबाट फर्केका युवालाई स्वरोजगारीमा प्रोत्साहन गर्ने उद्देश्यले पुरस्कृत गर्ने भएको छ। त्यसका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले बुधवार एक सूचना प्रकाशित गरी पुरस्कारका लागि वैदेशिक रोजगारबाट फर्केर उद्यम गरेका व्यक्तिसँग आवेदन आह्वान गरेको छ।

वैदेशिक रोजगारबाट फर्किएर स्वदेशमा उद्यम गरी राष्ट्रिय उत्पादन र रोजगारमा योगदान गरिरहेका उद्यमीले आगामी फागुन १० गतेभित्र आवेदन दिन सक्ने मन्त्रालयले जनाएको छ।

कामदार भिसामा विदेश गरी कम्तीमा एक वर्ष काम गरी फर्किएको, वैदेशिक रोजगारबाट फर्केर व्यवसाय सञ्चालन गरेको न्यूनतम एक वर्ष पूरा भएको र विगत पाँच वर्षभित्र श्रम मन्त्रालयबाट पुरस्कार प्राप्त नगरेका व्यक्तिले आवेदन गर्न सक्ने सूचनामा उल्लेख छ।

पुरस्कार आवेदन फाराम श्रम मन्त्रालयको वेबसाइटमा राखिएको छ। आवेदनका साथमा नेपाली नागकिताको प्रमाणपत्र, श्रम स्वीकृति, भिसासहितको राहदानी, आयकर दर्ता प्रमाणपत्र र गत आवको करचुक्ता प्रमाणपत्रको प्रतिलिपि तथा यसअघि पुरस्कार प्राप्त नगरेको स्वघोषणा पेश गर्नुपर्नेछ। आवेदन फाराम मन्त्रालयको रोजगार समन्वय तथा सूचना शाखामा दर्ता गराउन वा इमेल गर्न सकिने सूचनामा जनाइएको छ।

प्राप्त आवेदनमध्येबाट उत्कृष्ट उद्यमीलाई सम्मान गरिने मन्त्रालयले जनाएको छ। वैदेशिक रोजगारबाट फर्केका नेपालीले रोजगारका सिलसिलामा आर्जन गरेका ज्ञान, सीप, अनुभव र पूँजीलाई सदुपयोग गर्न राज्यबाट विशेष प्रोत्साहन गरी विदेश जाने वा विदेशमा नै अवैधानिक तवरबाट बस्ने प्रवृत्तिमा न्यूनीकरण गर्न सरकारले स्वदेश फर्की सफल उद्यम गर्ने व्यवसायीलाई सम्मान गर्न लागिएको मन्त्रालयको भनाइ छ।

यस प्रकारका सम्मानबाट उनीहरूलाई आयमूलक तथा रोजगारमूलक कार्यमा लाग्न थप प्रेरणा मिल्ने मन्त्रालयको विश्वास छ। प्राप्त आवेदनमध्येबाट रोजगार सिर्जना, पूँजी लगानी, स्थानीय साधन, स्रोत र प्रविधिको प्रयोग, उत्पादन निर्यात गरेको, सामाजिक दायित्व वहन, वातावरणमैत्री प्रविधि प्रयोग तथा प्रदूषण व्यवस्थापन र उद्यम सञ्चालन गरेको भौगोलिक क्षेत्रका आधारमा छनोट गरिनेछ।

छनोटका लागि विदेशमा काम गरी फर्केका उद्यमी राष्ट्रिय सम्मान तथा पुरस्कार व्यवस्थापन कार्यविधि, २०७६ बमोजिम श्रम मन्त्रालयको रोजगार व्यवस्थापन महाशाखाका सहसचिवको संयोजकत्वमा छ सदस्यीय सिफारिश समिति गठन गरिएको छ।

सातै प्रदेशबाट न्यूनतम एकजना नछुट्ने गरी उद्यमी छनोट गरिनेछ। आवेदकमध्ये एकजनाले रु एक लाख ५० हजारसहित उत्कृष्ट उद्यमी राष्ट्रिय पुरस्कार र बढीमा सातजनाले रु ७५ हजारको उद्यमी राष्ट्रिय पुरस्कार प्राप्त गर्नेछन्।

# सुरक्षण मुद्रणसम्बन्धी विधेयकलाई समृद्ध तुल्याउन भागीरथ प्रयास

काठमाडौं, २० माघ/रासस

संसदीय समितिले सुरक्षित मुद्रणका नाममा वार्षिक रु १० अर्बभन्दा बढी रकम विदेश जानबाट रोक्न सुरक्षित मुद्रणसँग सम्बन्धित कानून छिटो समृद्ध बनाउन भागीरथ प्रयास गरिरहेको छ।

राष्ट्रियसभाको विधायन व्यवस्थापन समितिले पछिल्ला दिनमा सुरक्षण मुद्रण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि विज्ञसहितको सहभागितामा निरन्तर दफावार छलफल गरिरहेको छ।

समिति सभापति परशुराम मेघी गुरुङले स्वदेशमैं सुक्षित मुद्रणसँग सम्बन्धित काम गर्न सकियोस् भन्ने उद्देश्यले कानून निर्माणलाई प्राथमिकता दिएर समितिमा भइरहेको छलफल अन्तिम चरणमा पुगेको जानकारी दिए।

उनले भने, "बैंक नोट, राहदानी, राष्ट्रिय परिचयपत्र, हुलाक टिकट, सवारी चालक अनुमतिपत्र (लाइसेन्स)लगायतका नाममा वार्षिक रु १० अर्बभन्दा बढी रकम विदेश गइरहेको छ, अब यो काम नेपालमैं गरौं भनेर सरकारले ल्याएको सुरक्षित मुद्रण सम्बन्धित कानूनलाई समृद्ध तुल्याउन निरन्तर छलफल भइरहेको छ।"

सुरक्षित मुद्रणसम्बन्धी कानून र उपकरणाको अभावमा हालसम्म ती कागजात नेपालमा मुद्रण (प्रिन्ट) हुन सकेको छैन। ती काजगात छपाइका लागि विदेश गइरहेको रकम नेपालजस्तो मुलुकका लागि ठूलो परिमाण हो। उक्त रकम विदेश जानबाट रोक्न मुलुकमैं सुरक्षित मुद्रणको व्यवस्था गर्नुपर्छ भनी कानून निर्माण शुरू गरिएको हो। यसअघि विकाससम्बन्धी ऐनमा टेकेर मुद्रणको काम हुँदै आएको छ।

राष्ट्रियसभामा उत्पत्ति भएको उक्त विधेयकमाथिको छलफल अन्तिम चरणमा पुगेकाले केही दिनमैं प्रतिवेदन तयार हुने जानकारी दिइएको छ।

सरकारले जति पनि सुरक्षण मुद्रणसम्बन्धी काम गर्छ ती सबै यही कानूनकै आधारमैं गर्न सकियोस् अरूको नक्कल नहोस् भन्ने उद्देश्य राखेर ऐन ल्याउन लागिएको सभापति गुरुङले बताए।

सरकारले सुरक्षण मुद्रणका लागि काभ्रेको बनेपामा दुईवटा मेशिन राखेर काम गर्न खोजेको छ। सुरक्षण मुद्रणका लागि कानूनलगायतका भौतिक पूर्वाधार दुई वर्षभित्रै सम्पन्न गरी तीन वर्षमा पूर्णरूपमा सञ्चालनमा ल्याउने सरकारले अठोट गरेको छ। समितिले विधेयकमाथिको पहिलो चरणको छलफल केही दिनमैं पुरा हुने जानकारी दिएको छ।

सुरक्षण मुद्रण राज्यका लागि निकै महत्त्वपूर्ण र प्राथमिकताको विषय भएकाले छलफल सकिए लगत्तै चालू हिउँदे अधिवेशनमैं सदनमा टेबल गर्नुपर्नेमा सदनको बैठक भने प्रमुख प्रतिपक्षको अवरोधका कारण प्रभावित हुँदै आएको छ।

नेपालमा विधायकी कार्यका लागि सङ्घीय संसद् (प्रतिनिधिसभा र राष्ट्रियसभा)मा मात्रै पनि सभामुख र अध्यक्षसहित ३३४ सांसद छन् भने करीब सोही सङ्ख्याका संसद् सचिवालयमा कर्मचारी कार्यरत छन्।

पछिल्लो समय प्रमुख राजनीतिक दलबीच विभिन्न एजेन्डामा मतभिन्नता रहेका कारण सिङ्गो संसद्का काम प्रभावित हुँदै आएकामा कोभिड-१९ को सङ्क्रमण जोखिमले पनि थप बल पुऱ्याएको छ।

सभापति गुरुङ भन्छन्, "यो सबै जनशक्ति ऐन बनाउनका लागि हो, व्यवस्थापन गर्न सचिव छ, खर्च ठूलो छ, सङ्घीय संसद्बाट समयमैं कानून बनाउन नसकेका कारण प्रदेशसमेत प्रभावित हुँदै आएको छ, सरकार र राजनीतिक दलले यो पक्षलाई हेक्का राखेर कानून बनाउने कार्यलाई निरन्तरता दिनुपर्छ।"

सुरक्षण मुद्रणसहित महत्त्वपूर्ण १० वटा विधेयक समितिले छलफल गरेर टुङ्ग्याए पनि सदनमा पेश हुन सकेका छैनन्।

मुलुक र जनताका आवश्यकतालाई सम्बोधन गर्न नयाँ कानून निर्माण गर्ने तथा बनेका पुराना कानूनको परीक्षण (अडिट) गर्नुपर्ने जिम्मेवारीलाई आफ्नो मुख्य कर्तव्य सोचेर काम गर्न र वातावरण बनाउन उनले सरकार र सबै राजनीतिक दललाई सुझावसमेत दिए।


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की-१० |
| ३. डा. आनन्दकुमार झा | ०५१-५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. पन्नालाल पटेल | ९८५५०३४१५५ | सिद्धार्थ मेडिकल हल, नाउक्षे, वीरगंज |
| ५. डा. श्यामसुन्दर दास | | |
| ६. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१-५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१-५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की-१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१-५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१-५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१-५२१९२१ नाउक्षे अस्पताल, वीरगंज

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१-५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. मीता महर्जन झा, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३-५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।
सम्पर्क: बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०७२९५०६०

# अन्तर्राष्ट्रिय समाचार

## १२ आप्रवासीको मृत्युलाई लिएर टर्की र ग्रीसबीच विवाद

इस्तानबुल, २० माघ/एएनआई

ग्रीसको सीमानजीकैको टर्कीको शहरमा चीसोले कठ्याङ्ग्रिएर १२ जना आप्रवासीको मृत्युको विषयलाई लिएर टर्की र ग्रीसबीच कूटनीतिक विवाद बढेको छ।

ती आप्रवासी किन त्यहाँ फसे र चीसोमा जमेर मर्न विवश भए भन्ने विषय स्पष्ट छैन तर ग्रीस र टर्कीले यस त्रासदीको लागि एकअर्कालाई दोषारोपण गरेको सिएनएनले जनाएको छ।

टर्कीका आन्तरिकमन्त्री सुलेमान सोयलुले युरोपेली युनियनमा प्रवेश गर्न खोज्ने आप्रवासीहरूले प्रयोग गर्ने सीमावर्ती शहर इप्सालामा एक दर्जन आप्रवासीको चीसोले मृत्यु भएको बताएका छन्।

सोयलुले ट्वीटरमा लेखेका छन्, "ग्रीक सीमा अधिकारीहरूले तिनीहरूलाई हटाएको र तिनीहरूका जुत्ता र लुगाहरू खोसिएका छन्।" उनले धमिलो तस्बिरहरू ट्वीट गर्दै कम्तीमा आठ व्यक्तिको शव आंशिकरूपमा लुगा लगाएको र माटोमा लडिरहेको देखाइएको देखिन्छ भनेर लेखेको सिएनएनले रिपोर्ट गरेको छ।

सोयलुले ग्रीक सीमा गस्ती र एकाइहरूलाई ठगको संज्ञा दिंदै युरोपेली सङ्घ 'उपचारविहीन, कमजोर र मानवीय भावनाहरूले शून्य' रहेको टिप्पणीसमेत गरेका छन्। यसैगरी, ग्रीसका अध्यागमनमन्त्री नोटिस मिताराचीले सोयलुको उक्त आरोप अस्वीकार गरेका छन्। "इप्सालानजीकैको टर्की सीमामा १२ जना आप्रवासीको मृत्यु हुनु दुःखद घटना हो," उनले एक विज्ञप्तिमा भने, "तर यस घटनापछाडिको सत्य मेरो समकक्षीले गरेको झूटो प्रचारसँग मिल्दोजुल्दो छैन।"

मिताराचीका अनुसार ती आप्रवासीहरू कहिल्यै सीमामा पुगेका छैनन्।" "उनीहरूले गरेको कुनै पनि सुझाव वा दाबी वास्तवमा पूर्णतः बकवास हो," उनले भने, "निराधार दाबीहरू गर्नुको सट्टा टर्कीले आफ्ना दायित्वहरू पूरा गर्न र यी खतरनाक यात्राहरू रोक्न काम गर्न आवश्यक छ।" १२ जना आप्रवासी २२ जनाको समूहमा थिए। क्षेत्रीय अधिकारीहरूले एक विज्ञप्तिमा जनाए अनुसार उनीहरूले अझै बाँकी १० जनाको खोजी गरिरहेका छन्। उक्त घटनाको अनुसन्धान शुरू गरिएको छ। रासस

## युक्रेन आक्रमण दुःखद गणना हुनेछ –जोनसन

लन्डन, २० माघ/एएनआई

बेलायतका प्रधानमन्त्री बोरिस जोनसनले बुधवार रूसी राष्ट्रपति भ्लादिमिर पुटिनलाई युक्रेन आक्रमणको विरुद्ध चेतावनी दिंदै यो दुःखद गलत गणना हुने बताएका छन्।



जोनसनले पुटिनसँगको फोनका क्रममा चेतावनी दिएका हुन्। उनले रूसी राष्ट्रपतिलाई युक्रेनको सिमानामा रहेका एक लाख सैनिकलाई लिएर चिन्तित भएको एनएचके वर्ल्डले रिपोर्ट गरेको छ। बेलायती अधिकारीहरूले एक विज्ञप्ति जारी गर्दै नेताहरूले सहमति जनाएका थिए कि उत्तेजना कसैको हितमा छैन।

जोनसनले युक्रेनले चाहेको खण्डमा नाटोको रक्षात्मक गठबन्धनमा सामेल हुन आवेदन दिने पूर्ण अधिकार रहेको र रूससँगको गतिरोधमा भएको कुनै पनि वार्तामा कीभलाई समावेश गर्नुपर्नेमा जोड दिए।

उनले युक्रेनका राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीसँगको वार्तापछि चेतावनी दिंदै कीभको भ्रमण सीमामा रूसी सेनाले युक्रेनको लागि स्पष्ट र वर्तमान खतराको प्रतिनिधित्व गरेको छ, अल जजीराले जनाएको छ।

यसैबीच, रूसी अधिकारीहरूले उनीहरूको चिन्ताको लागि नाटोको प्रतिक्रिया अपर्याप्त भएको भन्दै टिप्पणी गरेका छन्।

युक्रेनलाई लिएर रूस र पश्चिमबीचको तनाव निर्माण भइरहेको छ। पश्चिमले मस्कोलाई आफ्नो पश्चिमी समर्थक छिमेकीमाथि आसन्न आक्रमणको तयारी गरेको आरोप लगाएको छ।

रूसले युक्रेन आक्रमण गर्ने कुनै योजना नभएको बताएको छ। रूसले भने युक्रेनलाई नाटोमा सामेल हुन नदिने र पूर्व सोभियत ब्लकमा अमेरिकी नेतृत्वको सैन्य गठबन्धनको विस्तारको विरुद्ध अन्य सुरक्षा प्रत्याभूतिहरूको शृङ्खलाको माग गरिरहेको छ। रासस

## सिरियामा भएको भिडन्तमा परी कम्तीमा १० जनाको मृत्यु

दमासकस, २० माघ/सिन्हवा

सिरियाको उत्तरी क्षेत्रमा भएको भिडन्तमा परेर १० जना सर्वसाधारणको ज्यान गएको छ। सो क्षेत्रमा सिरियाको टर्किश र कुर्दिश मिलिसियाका बीचमा भिडन्त भएको थियो। त्यसमा परेर १० जना सर्वसाधारणको ज्यान गएको यहाँका सुरक्षा अधिकारीहरूले जनाएका छन्।

सिरियाको उत्तरी शहर अलेपोमा कुर्दिश र टर्किश मिलिसियाका बीचमा भिडन्त भएको सिरियाली सरकारी समाचार समिति, सानाले जनाएको छ।

सो शहरको बस्तीमा दुई पक्षका हतियारधारीका बीचमा दोहोरो गोली हानाहान भएको र त्यसमा सर्वसाधारण परेको सो समाचार समितिले जनाएको छ। उक्त शहरमा केही समययतादेखि हिंसा भइरहेको छ। यसरी हुने विभिन्न सशस्त्र समूहहरूका भिडन्तमा सर्वसाधारणले ज्यान गुमाउने गरेका पनि समाचारमा जनाइएको छ। यसरी सर्वसाधारणको ज्यान जाने कार्य यहाँ चिन्ताजनक रहेको सिरियाका मानव अधिकारवादीहरूले बताउने गरेका छन्। रासस

## ब्रजीलमा बाढीबाट २८ जनाको मृत्यु

साओ पाओलो, २० माघ/सिन्हवा

ब्रजीलमा बाढीका कारण मृत्यु हुने व्यक्तिको सङ्ख्या कम्तीमा पनि २८ पुगेको अधिकारीहरूले जनाएका छन्। यहाँ अविरल वर्षासँगै आएको बाढीमा परी २८ जनाको ज्यान गइसकेको उद्धारसम्बन्धी अधिकारीहरूले जनाएका छन्। उनीहरूका अनुसार ब्रजीलमा गएका केही दिनदेखि वर्षा कायमै छ। वर्षापछि आएको बाढीका कारण हराइरहेका तीनजना व्यक्तिको बुधवार शव भेटिएको थियो।

प्राप्त समाचार अनुसार यहाँका करीब २० हजार नागरिक घरबाट भागेर अन्यत्रै बसेका छन्। उनीहरू बढीका कारण विस्थापित भएका बताइएको छ। बाढीका कारण यहाँका कैयौं क्षेत्रमा असर परिरहेको छ। यहाँका केही शहरी र अधिकांश ग्रामीण क्षेत्रमा बिजुली छैन भने अविरल वर्षाका कारण छ दिनयतादेखि जनजीवन प्रभावित बन्दै गएको छ।

यहाँका अधिकारीहरूले केही स्थानमा सैनिक हेलिकोप्टरहरूले उद्धार गरिरहेको बताएका छन्। केही सहायता सामग्री पनि हेलिकोप्टरहरूले पुऱ्याइरहेको बताइएको छ। उद्धारमा खटिएका अधिकारीहरूले अरू सातजना व्यक्ति हराइरहेको बताएका छन्। यहाँका मौसमविद्हरूले वर्षाको प्रकोप अझै रहेकाले घरबाहिर ननिस्किन भनिरहेका छन्। उनीहरूले वर्षा र आँधीको पनि सम्भावना रहेको बताए। ब्रजीलको साओ पाओलो राज्य सबैभन्दा बढी प्रभावित भएको बताइएको छ। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – प्रसन्नता | वृष – पदोन्नति |
| मिथुन – अलमल | कर्कट – कष्टानुभूति |
| सिंह – नारीसुख | कन्या – अलमल |
| तुला – सन्तानकष्ट | वृश्चिक – वाहनकष्ट |
| धनु – मित्रमिलन | मकर – धनखति |
| कुम्भ – अन्नलाभ | मीन – व्यर्थभ्रमण |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

घर निर्माण गर्दा निर्धारित मापदण्डको पालना गरौं,
शहरको सौन्दर्यीकरणमा सहयोग गरौं।

वीरगंज महानगरपालिका

रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे

## जसपामा विवादमा नभएको चौधरीको दाबी

प्रस, वीरगंज, २० माघ/

जसपाका केन्द्रीय सदस्य मोहनलाल चौधरीले जसपा पर्सामा विवाद नभएको दाबी गरेका छन्। जनता समाजवादी पार्टी वीरगंज महानगर समितिले आयोजना गरेको अगुवा कार्यकर्ता भेलामा प्रमुख अतिथि चौधरीले पार्टीको विधान अनुसार पर्सामा तदर्थ समिति गठन गरेको दाबी गरे।

उनले तदर्थ समिति विधानसम्मत गठन गरेको दाबी गर्दै सोबाट कसैको चित्त दुखेको भए आफूहरूले सम्झाउने बताए। उनले वर्तमान जिल्ला कार्यसमितिको कारण निर्वाचित जनप्रतिनिधिहरू पार्टी छाडेर अन्यत्र जाने क्रम बढेको र सो सम्बन्धमा ध्यानाकर्षण गराउँदा कुनै सुनवाइ नभएपछि पार्टीका बहुमत सदस्यहरूको भेलाले तदर्थ समिति बनाएको दाबी गरे। उनले तदर्थ समितिको वैधानिकताको सम्बन्धमा केन्द्रीय कमिटीसँग आफ्नो निरन्तर कुराकानी भइरहेको बताए।

सांसद प्रदीप यादवले जसपा पर्सा तदर्थ समिति गठनपछि झनै मजबूत भएको दाबी गरे। उनले गत चुनावमा पर्सा जिल्ला कब्जा गरेको र आगामी चुनावमा पनि जिल्ला कब्जा गर्ने दाबी गरे। उनले प्रदेशको नामकरण गर्वको कुरा भएको बताए। प्रदेशको नाम मधेस भएकोमा उनले कार्यकर्ताहरूलाई गर्व गर्न सुझाए।




उनले राजधानीको सवालमा भने वीरगंजलाई हेपिएको र यो हेपाहा प्रवृत्ति सङ्घ सरकारदेखि हुँदै आएको बताए।

उनले नेताहरूले वीरगंजको योगदान बिर्सिएको र त्यसैको परिणाम वीरगंज राजधानी हुन नसकेको बताए। सांसद यादवले एमसिसी सम्बन्धमा पार्टी नेतृत्वले निर्णय लिने बताए। उनले एमसिसी सम्बन्धमा सबै पार्टीले आआफ्नो धारणा सार्वजनिक गरिसकेको तर जसपाले धारणा नबनाएकोमा नेताहरूलाई अविलम्ब एमसिसीबारे धारणा व्यक्त गर्न सुझाए।

महानगर इन्चार्ज ईश्वरचन्द्र यादवको अध्यक्षतामा भएको अगुवा कार्यकर्ता भेलामा वीरेन्द्र यादव, जनार्दन यादव, प्रदेशसभा सदस्य करीमा बेगम, मन्जुर मियाँ, कृष्णमोहन यादवलगायतले मन्तव्य व्यक्त गरेका थिए भने कार्यक्रमको सहजीकरण सलाउद्दीन अन्सारीले गरेका थिए।

## प्रेस काउन्सिलको ध्यानाकर्षण

काठमाडौं, २० माघ/रासस

प्रेस काउन्सिल नेपालले कोभिड–१९ महामारीका विषयमा पुष्टि नभएका विश्व स्वास्थ्य सङ्गठनको हवाला दिंदै जनमानसमा भ्रम फैलाउने किसिमबाट समाचार सम्प्रेषण भएकामा गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।

काउन्सिलले बिहीवार प्रेस विज्ञप्ति जारी गरी तथ्यगत पुष्टचाइँबेगर सामग्री तयार भई एक समाचार संस्थाबाट समेत सञ्चारमाध्यममा वितरण भएको र सोही स्रोतका आधारमा सामग्री सम्प्रेषण भएकोप्रति काउन्सिलले ध्यानाकर्षण भएको उल्लेख गरेको छ।

समाचार सामग्री तयार एवं सम्प्रेषण गर्नुपूर्व सत्य, तथ्य र विश्वसनीयताको परीक्षण गरी वितरण र सम्प्रेषण गर्न गराउन समाचार संस्था, सञ्चारमाध्यम र सम्बन्धित पक्षसँग काउन्सिलले अनुरोधसमेत गरेको छ। काउन्सिलका प्रवक्ता दीपक खनालले हस्ताक्षर गरेको विज्ञप्तिमा तथ्यगत पुष्ट्याइँ नभई अपुष्ट स्रोत र त्यसको परीक्षणबेगर सम्प्रेषित सामग्रीले समाजमा भ्रम फैलाउने भएकाले सञ्चारमाध्यमले सत्य, तथ्य, सन्तुलित एवं विश्वसनीय समाचार सामग्री सम्प्रेषण गर्नुपर्नेमा जोड दिएको छ।

विज्ञप्तिमा पत्रकार आचारसंहिता २०७३ (पहिलो संशोधन, २०७५)मा सञ्चारमाध्यमबाट समाचार तथा समाचार सामग्रीको प्रकाशन/प्रसारण वा बाह्य लिङ्कहरू प्रकाशित गर्नुअघि सोको विश्वसनीयता र आफूले प्रकाशन गरेसरह तथ्यको जाँच गरी सम्प्रेषण गर्नुपर्दछ भन्ने व्यवस्थाका बारेमा पनि स्मरण गराइएको छ।

## निजगढमा काठ र ट्याक्टर पक्राउ

प्रस, निजगढ, २० माघ/

ना.५त १०७ नम्बरको ट्याक्टरमा ल्याउँदै गरेको सालको चिरान काठसहित ट्याक्टर र दुईजना मानिसलाई प्रहरीले बिहीवार बिहान पक्राउ गरी वन कार्यालयमा बुझाएको छ।

पक्राउ पर्नेमा निजगढ नपा–४ कछडियाटोल बस्ने ३५ वर्षका अनुठा चौधरी र १२ वर्षका आयुष गुरो रहेको इलाका प्रहरी कार्यालय, निजगढले जनाएको छ।

इप्रका, निजगढका प्रहरी निरीक्षक शङ्कर चौधरीका अनुसार प्रहरीले पक्राउ गरी बुझाएको सालको चौकट १३.२० क्यूफिट १६ थान रहेको छ। ट्याक्टर, काठ, मानिसलाई निजगढ नपा–८ स्थित खयरघारी प्रतीक्षालय आसपासबाट पक्राउ गरिएको हो।



प्रहरीले बरामद गरेको काठ। तस्वीरः जीतलाल श्रेष्ठ

## ग्रामीण सडकमा सरस्वतीपूजाको चन्दा आतङ्क

प्रमोद यादव, पंचगावाँ, २० माघ/

सरस्वतीपूजाका लागि पर्सा जिल्लाको बालबालिकाहरूले सडकमा डोरी तेर्साएर सवारीसाधनसँग चन्दा असुलिरहेका छन्।



हुलाकी सडकमा डोरी तेर्साएर चन्दा माग्दै बालबालिका। तस्वीरः प्रतीक

जनता सडक, हुलाकी, थरुहटलगायत ग्रामीण क्षेत्रका बालबालिकाहरूले चन्दा माग्ने कार्यलाई तीव्रता दिएका छन्।

वीरगंज हुलाकी सडकखण्डको विभिन्न स्थानमा विद्यार्थीहरूको नाममा माघ २३ गते आइतवार सरस्वतीपूजा परेको छ।

सरस्वतीपूजाको लागि विद्यालयले चन्दा माग्ने कार्य विगत केही वर्षअगाडिदेखि नै रोक लगाइएको छ। ग्रामीण क्षेत्रका सडकहरूमा अहिले यो कार्य बालबालिकाहरूबाट भइरहँदा पनि प्रहरीले रोकथामको कुनै प्रयास गरेको छैन।

### मधेस प्रदेश : खोप.....

"सीमानाकामा स्थापना गरिएको हेल्थ डेस्कबाट दैनिक एन्टिजेन परीक्षण गर्ने गरेका छन्।" जाँचका क्रममा सङ्क्रमित पाइएका नेपालीलाई होम आइसोलेशनमा र भारतीयलाई भारततर्फ फर्काउने गरेकाले पनि सङ्क्रमणदर घटेको हुन सक्ने उनको भनाइ थियो।

पर्साको वीरगंज, रौतहटको गौर, महोत्तरीको जलेश्वर भिट्टामोड र सिराहाको माडरमा 'हेल्थ डेस्क'स्थापना गरी एन्टिजेन विधिबाट कोरोना जाँच गर्दै गरिंदै आइएको छ। वीरगंज भन्सारमा रहेको हेल्थ डेस्कमा बुधवार २८० जनाको जाँच गर्दा छमा, रौतहटको गौर नाकामा १२ जनाको जाँच गर्दा आठमा सङ्क्रमण पुष्टि भएको स्वास्थ्य निर्देशनालयले जनाएको छ।

जि.प्र.का. पर्सा द.नं. १२/२०५३/०५४ प्रतीक जि. हु. का. पर्सा द. नं. १८२/२०७८/७९

# बिहेको रथ दुर्घटनामा मृतक परिवारलाई सहयोग

प्रस, परवानीपुर, २० माघ/

बारा, आदर्श कोतवाल गाउँपालिकामा बिहेको रथ दुर्घटनामा घाइते तथा मृतक परिवारलाई लोकतान्त्रिक समाजवादी पार्टी नेपाल, मधेस प्रदेशका अध्यक्ष जीतेन्द्र सोनलले रु ५० हजार सहयोग गरेका छन् ।



माघ १० गते लछु महराका छोरा सञ्जय महराको बिहेमा प्रयोग भएको रथ अनियन्त्रित हुँदा १४ जना घाइते भएका थिए भने दुईजनाको ज्यान गएको थियो । घाइतेहरूको उपचार वीरगंज, काठमाडौं तथा कलैयाका अस्पतालमा भइरहेको छ ।

घाइतेहरू सबै दलित छन् । उनीहरूलाई उपचारमा समस्या भइरहेकाले पार्टीको तर्फबाट नेता सोनलले रु पचास हजार सहयोग गरेको लोसपाका नेता सञ्जय यादवले बताए । सहयोग गर्ने क्रममा नेता सोनलले मधेस प्रदेशमा मधेसी दलको सरकार भएपनि दलित परिवारलाई कतैबाट सहयोग नआउनु दुःखद भएको बताए ।

घटनाका कारण पूरै दलित बस्ती शोकमा छ । मधेस प्रदेशका मुख्यमन्त्री लालबाबू राउत गद्दीले उक्त घटनाबारे कुनै चासो नलिनु दुःखद भएको नेता सोनलले बताए । पीडित दलित परिवारलाई प्रदेश सरकारले पनि सहयोग गर्नुपर्ने उनको जोड थियो ।

## सात महीनामा डेढ करोड राजस्व सङ्कलन

प्रस, परवानीपुर, २० माघ/

बाराको इलाका प्रहरी कार्यालय, सिमराले पछिल्लो सात महीनामा करीब रु डेढ करोडको हाराहारीमा राजस्व सङ्कलन गरेको छ ।

कार्यालयले भन्सार छलीका सामान लोड चारवटा ट्रक, बालुवा, गिटी, ढुङ्गाको अवैध उत्खनन गरेका पचासवटा ट्याक्टर र साढे सात लाख भारुसहित करीब डेढ करोड राजस्व सङ्कलन हुने सामान नियन्त्रणमा लिएर सम्बन्धित निकायलाई पठाएको प्रहरी नायब उपरीक्षक मनोजीत कुँवरले बताए ।

यसैगरी, ७५ घनफिट काठ र मानिसहरू पनि समातिएको एवं इलाका प्रहरी कार्यालय, सिमराको क्षेत्रमा रामवन, डुमरवाना, औराहा, अमलेखगंजलगायत क्षेत्रमा सञ्चालित अवैध घरेलु मदिराभट्टीहरू गरी करीब १४५ वटा भट्टी नष्ट गरिएको र पचासौं हजार लिटर मदिरा बनाउने कच्चा पदार्थ नष्ट गरिएको उनले बताए ।

# किसानलाई स्प्रे टङ्की वितरण

प्रस, सेढवा, २० माघ/

बाली विकास कार्यक्रम अन्तर्गत बिहीवार किसानलाई स्प्रे टङ्की वितरण गरिएको छ ।

सुनाखरी कृषि सहकारी संस्था पर्सागढी नगरपालिका-३ को आयोजना तथा कृषि ज्ञान केन्द्र, पर्साको सहयोगमा सो वडाका एक सय किसानलाई ५० प्रतिशत अनुदानमा स्प्रे टङ्की वितरण गरिएको छ। कार्यक्रममा कृषि ज्ञान केन्द्र, पर्साका प्रमुख बाली विशेषज्ञ श्यामकिशोर कुर्मीलगायतको सहभागिता थियो ।


**भ्रष्टाचार कानूनी, सामाजिक र नैतिक अपराध हो । त्यसैले**

- कसैले नाजायज फाइदा लिनदिन खोजेमा,
- अनुचित दबाव सृजना गरी गैरकानूनी लाभ लिनेदिने गरेमा,
- कुनै काम गरिदिने वा नगरिदिने नाममा गैरकानूनी लाभ लिनदिन खोजेमा,
- गैरकानूनी सम्पत्ति जम्मा गरेको पाइएमा,

त्यस्ता कार्य भ्रष्टाचारजन्य कार्य हुन् । त्यस्ता कार्यमा संलग्न व्यक्ति वा संस्थाको बारेमा तत्काल अख्तियार दुरुपयोग अनुसन्धान आयोग वा स्थानीय प्रशासनलाई खबर गरौं ।

भ्रष्टाचारमुक्त समाजको निर्माणमा पहल गरौं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**


## पत्रकार दास मनोनीत

प्रस, वीरगंज, २० माघ/

वीरगंजका पत्रकार महेश दास नेकपा एमाले केन्द्रीय प्रचार तथा प्रकाशन विभाग सदस्यमा मनोनीत भएका छन् ।



पत्रकार महेश दास

एमाले केन्द्रीय सचिवालयको हिजो सम्पन्न बैठकले मधेस प्रदेशबाट पत्रकार दासलाई प्रचार तथा प्रकाशन विभागको सदस्यमा मनोनीत गरेको हो । उनीसहित गगन विष्ट, प्रमोद दाहाल, गणेश बस्नेत, निर्मला शर्मा, उजीर मगर, रोशन खड्का, टीका विष्ट र चेतन अधिकारी गरी नौजना सदस्य मनोनीत गरिएको बताइएको छ । पत्रकार दास नेपाल पत्रकार महासङ्घ र प्रेस चौतारी नेपालको केन्द्रीय पदाधिकारी रहिसकेका छन् । हाल उनी नेकपा एमाले वीरगंज महानगरका उपाध्यक्ष हुन् ।

# खेलकूदको संसार

## प्रधानसेनापति खुला म्याराथन आगामी फागुन १४ मा

काठमाडौं, २० माघ/रासस

सेना दिवस तथा महाशिवरात्रिका अवसरमा आगामी फागुन १४ गते ‘प्रधानसेनपति खुला म्याराथन’ प्रतियोगिता हुने भएको छ । ‘मनोरञ्जनका लागि खेल : एकता, सामूहिक भावना र सामर्थ्य’ भन्ने नाराका साथ आयोजना हुने उक्त प्रतियोगितामा म्याराथनका विभिन्न विधा समावेश गरिएका छन् ।

नेपाली सेना, सैनिक शारीरिक तालीम तथा खेलकूद केन्द्रद्वारा बिहीवार आयोजित पत्रकार सम्मेलनमा ४२.१९५ किमी पुरुष म्याराथन तथा २१ किमी महिला/पुरुष हाफ म्याराथन गर्न लागिएको केन्द्रका प्रमुख महासेनानी मुनाल बस्नेतले जानकारी दिए ।

सैनिक अधिकृत र सैनिक सहचारी महिला/पुरुषको सहभागीतामा १० किमी दौड तथा उपत्यकाभित्रका सहायकरथी र सोभन्दामाथिका रथीवृन्द, सैनिक श्रीमती सङ्घका कार्यकारिणी पदाधिकारी सम्मिलित पाँच किमी वाकाथन पनि आयोजना हुने जानकारी दिइयो ।

म्याराथनमा प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमशः रु तीन लाख, दुई लाख र एक लाख नगद प्रदान गरिनेछ । हाफ म्याराथनमा पहिलो, दोस्रो र तेस्रो स्थान प्राप्त गर्नेलाई क्रमशः रु ७५ हजार, रु ५० हजार र रु ३५ हजार नगर पुरस्कार प्रदान गरिनेछ। म्याराथनमा प्रथम हुनेलाई सिसिक अटोमोबाइल प्रालिले यामाहा मोटरसाइकल तथा काठमाडौं महानगरपालिकाले स्पोन्सरस्वरूप हाफ म्याराथनकी विजयी महिला धावकलाई स्कूटर प्रदान गर्नेछ ।

म्याराथनमा द्वितीय हुने र हाफ म्याराथनमा प्रथम हुने पुरुष धावकलाई पुरस्कारस्वरूप पनि मोटरसाइकल उपलब्ध हुनेछ । ती सबै प्रतियोगितामा करीब एक हजार १५० धावकको सहभागिता हुने अपेक्षा गरिएको छ ।

प्रतियोगितामा भाग लिन चाहनेलाई व्यक्तिगत र संस्थागतरूपमा शुक्रवारदेखि नाम दर्ताको व्यवस्था गरिएको सेनाले जनाएको छ। प्रतियोगितामा रक्षा मन्त्रालय, युवा तथा खेलकूद, सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, राष्ट्रिय अनुसन्धान विभाग, राष्ट्रिय खेलकूद परिषद्, नेपाल ओलम्पिक कमिटी, पत्रकार खेलकूद मञ्चका धावक प्रतिनिधि तथा अन्य आमन्त्रितले भाग लिनेछन् ।

सेनाले मनोरञ्जनका लागि खेल नामकरण गरी ‘एकता नै बल हो, आउनुस् खेलका माध्यमबाट हातेमालो गरौं’ भन्ने नाराका साथ विसं २०७२ बाट प्रतियोगिता आरम्भ गरेको हो । पत्रकार सम्मेलनमा नेपाल एथलेटिक्स सङ्घका अध्यक्ष राजीवविक्रम शाहले सेनाविनाको खेल अपूरो रहने भएकाले सङ्घले सेनाका खेल गतिविधिमा प्राविधिक सहयोग उपलब्ध गराउँदै आएको बताए ।

सेनाका प्रवक्ता नारायण सिलवालले नागरिक-सैनिक सम्बन्ध विकासमा प्रतियोगिता केही हदसम्म सफल रहे पनि आगामी दिनमा थप मेहेनत गर्न आवश्यक रहेको विचार प्रकट गरे ।

# रेडक्रसद्वारा स्वास्थ्य सामग्री हस्तान्तरण

प्रस, वीरगंज, २० माघ/

नेपाल रेडक्रस सोसाइटी केन्द्रीय समितिले मधेस प्रदेशका विभिन्न स्वास्थ्य संस्थालाई स्वास्थ्य सामग्री हस्तान्तरण गरेको छ ।

युनिसेफको सहयोगमा प्राप्त स्वास्थ्य सामग्री बिहीवार हस्तान्तरण गरिएको थियो । नारायणी अस्पताल, जिल्ला स्वास्थ्य कार्यालय, पर्सा, प्रादेशिक अस्पताल, कलैयालगायतमा स्वास्थ्य सामग्री हस्तान्तरण गरिएको नेपाल रेडक्रस सोसाइटी पर्सा शाखाका सभापति वीरेन्द्रराज कँडेलले बताए। हस्तान्तरित सामग्रीहरूमा यौनरोग सङ्क्रमण रोकथाम गर्ने किट, सरसफाइका किट तथा प्रजनन स्वास्थ्यमा प्रयोग हुने सामग्रीहरू रहेका छन् । कोरोनाको समयमा महिलाहरूको स्वास्थ्यमा परेको प्रभावलाई लक्षित गरी उक्त सामग्री वितरण गरिएको नेरेसो मधेस प्रदेशका अध्यक्ष फूलमहम्मद मियाँले बताए ।



कार्यक्रममा नेरेसो पर्सा शाखाका शिवनाथ यादव, नेपाल पत्रकार महासङ्घ पर्साका उपाध्यक्ष युवराज खड्का, रक्त सञ्चार केन्द्रका प्राविधिक प्रमुख सौरभराज पाण्डेलगायतको सहभागिता रहेको नेरेसो, पर्साका सहायक राजन श्रीवास्तवले बताए ।

## अस्पाललाई सिरक सहयोग

प्रस, वीरगंज, २० माघ/

पोखरिया अस्पताललाई कलवार समाजले सिरक सहयोग गरेको छ । बिहीवार कार्यक्रमको आयोजना गरी समाजले प्रतिगोटा रु १८ सय पर्ने २० थान सिरक सहयोग गरेको कलवार कल्याणकारी समाज, पर्साका पूर्वअध्यक्ष भोलाप्रसाद कलवारले बताए ।

संविधानसभा सदस्य रामेश्वर रौनियार, समाजका पूर्वअध्यक्ष विश्वामित्र कलवार, राजु गुप्ता, जीतेन्द्र कलवार, ओम कलवारलगायतको सहभागिता थियो ।

# कोभिड खोपमा नेपाललाई सफलता, डब्लुएचओले दियो बधाई

काठमाडौं, २० माघ/रासस

नेपालले कोभिड-१९ विरुद्धको खोप अभियानमा नयाँ कोसेढुङ्गा पार गरेको छ । नेपालले १८ वर्षमाथिको उमेर समूहका ७० प्रतिशत व्यक्तिलाई पूर्ण खोप प्रदान गरेको हो ।

विश्व स्वास्थ्य सङ्गठन (डब्ल्युएचओ)ले ७० प्रतिशत वयस्क जनसङ्ख्यालाई कोभिडविरुद्धको पूर्ण खोप प्रदान गर्न सफल भएकामा नेपाललाई बधाई पनि दिएको छ। “७० प्रतिशत जनसङ्ख्यालाई कोभिडविरुद्धको पूर्ण खोप लगाउन सफल भएकामा नेपाललाई बधाई। यो नेपाल तथा सहयोगी निकायको ठूलो सफलता हो। एकजुट भई सहकार्य गरे जे पनि सम्भव हुने यसले साबित गरेको छ,” डब्ल्युएचओ नेपालले ट्वीटरमार्फत बधाई दिंदै भनेको छ। नेपाल सरकारले चैत मसान्तसम्म १८ वर्षमाथिका १०० प्रतिशत नागरिकलाई पूर्ण खोप लगाइसक्ने लक्ष्यसहित देशभर खोप अभियान चलाइरहेको छ ।




# कोरोनाको कारण सरस्वती माताको मूर्ति बिक्रीमा मन्दी

नितेश कर्ण, वीरगंज, २० माघ/

वीरगंजमा सरस्वती माताको मूर्ति बनाएका मूर्तिकारहरूले यसपटक अघिल्लो वर्षको भन्दा बढी घाटा हुने भन्दै चिन्ता व्यक्त गरेका छन् ।



वीरगंजको रातो बङ्गलानजीकै सरस्वतीमाताको मूर्ति बनाउँदै मूर्तिकार । तस्वीरः प्रतीक

वीरगंजका विभिन्न स्थानमा माघ २३ गते वसन्त पञ्चमी (सरस्वतीपूजा)लाई लक्षित गरी मूर्ति बनाउने काम अन्तिम चरणमा छ। तर यसबीचमा कोरोनाको कारण विद्यालय बन्द भएकाले मूर्तिको खपत कम हुने भन्दै मूर्तिकारहरूले चिन्ता व्यक्त गरेका हुन् । वीरगंज महानगरपालिकाको वडा नं २, ३, ९, ११, १२, १३, १४, १५, १६ का छपकैया, घुसुकपुर, लक्ष्मीनारायण मन्दिर, रेलवे सडक, बिपी उद्यान, नेशनल ट्रेडिङ, सिद्धार्थ स्कूल, नगवा पोखरी, भिस्वालगायतका ठाउँमा नेपाली/भारतीय मूर्तिकारहरूले सरस्वती माताको मूर्ति निर्माण गरेका छन् ।

वीरगंज-११ नेशनल ट्रेडिङअगाडि सरस्वती माताको मूर्ति बनाएका मनोज कुमारले बनेका मूर्तिमध्ये आधा पनि बिक्री नभएको बताए । उनले यस वर्ष ५० वटा मूर्ति बनाएकामा २० वटा मात्र बिक्री भएको बताए । सरस्वतीपूजा नजीक छ, तर मूर्तिको बिक्री छैन। गत वर्ष यस वर्षको तुलना बढी मूर्ति बिक्री भएको थियो । गत वर्ष ७० वटा मूर्ति बिक्री भएको थियो, यस वर्ष ५० वटा बनाउँदा पनि आधाभन्दा बढी मूर्ति बिक्री भएको छैन, उनले भने ।

सरस्वती माताको मूर्ति वीरगंजमा रु २५ सयदेखि ९ हजारसम्मको बनाइएको छ ।

सरकारले माघ १५ गतेसम्म विद्यालय बन्द गरेपछि मूर्तिकारहरूले यस वर्ष कम मूर्ति बनाएका छन्। तर बनेको मूर्तिको पनि बिक्री नहुँदा उनीहरू चिन्तित छन् । महँगोमा माटो खरीद गरेर लगानीसहित श्रम खेर जाने भन्दै उनीहरूले अहिले चिन्ता व्यक्त गर्न थालेका हुन् ।